# स्थानीय राजपत्र


## भानु नगरपालिकाद्वारा प्रकाशित

**खण्ड: ०७** **संख्या: ०५** **मिति: २०८१/०७/३०**


## भाग-२

## भानु नगरपालिका

नेपालको संविधान बमोजिम भानु नगरकार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधरणको लागि प्रकाशन गरिएको छ ।

**पारित मिति: २०८१/०७/२९**

## भानु नगरपालिकाको अटो, रिक्सा/ईलेक्ट्रिक रिक्सा तथा टेम्पो रुट ईजाजत व्यवस्थापन कार्यविधि, २०८१प्र

**स्तावना :** भानु नगरपालिका बजार क्षेत्र, बस्ती क्षेत्र, अस्पताल, स्वास्थ्य संस्था तथा नगरपालिकाका अन्य विभिन्न स्थानहरुमा आवतजावत गर्न ठूला सवारी साधनको अभाव एवं उपलब्ध ट्याक्सी लगायतका साना सावरी साधनहरु प्रयोग गर्दा अति महँगो पर्न गई सर्वसाधरण मर्कामा परिरहेकाले सस्तो, सुलभ साधनहरु अटो, रिक्सा/ईलेक्ट्रिक रिक्सा तथा टेम्पो आदि सञ्चालन गर्नुपर्ने महसुश भएको र नगरको आवश्यकता, ट्राफिक व्यवस्थापनमा सहजता, बजार व्यवस्थापन गर्न तथा सवारी यात्रु, सवारी चालक, सवारी धनीहरुको हित प्रवर्द्धन गर्दै स्थानीय यातायात सुरक्षा र नियमन गर्न

आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११को उपदफा (२) को खण्ड (ट) को उपखण्ड (२) मा सार्वजनिक यातायात सञ्चालनको अनुमति दिने, रुट कायम गर्ने तथा भाडा दर निर्धारण गर्ने सम्बन्धी कार्य स्थानीय तहले गर्ने गरी व्यवस्था गरेकोमा उक्त अधिकारको प्रयोग गरी कार्यविधि स्वीकृत गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी भानु नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

यो कार्यविधिको नाम " भानु नगरपालिकाको अटो, रिक्सा/ईलेक्ट्रिक रिक्सा तथा टेम्पो रुट ईजाजत व्यवस्थापन कार्यविधि, २०८१" रहको छ ।

२. **प्रारम्भः**

यो कार्यविधि भानु नगरपालिकाको नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

३. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "नगरपालिका" भन्नाले भानु नगरपालिका लाई सम्झनु पर्छ ।

ख. "नगर कार्यपालिकाको कार्यालय "भन्नाले भानु नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

ग. "प्रमुख" भन्नाले भानु नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

घ. "उप-प्रमुख" भन्नाले भानु नगरपालिकाको नगर उप-प्रमुख सम्झनु पर्छ ।

ङ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भानु नगरपालिकाको प्रमुखलाई प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

च. “हल्का सवारी साधन” भन्नाले प्रचलित ऐन, नियम बमोजिम रुट इजाजत पत्र प्राप्त अटो, रिक्सा/ईलेक्ट्रिक रिक्सा तथा टेम्पो सम्झनु पर्दछ ।

छ. "कार्यविधि" भन्नाले "भानु नगरपालिकाको अटो, ईलेक्ट्रिक रिक्सा तथा टेम्पो रुट ईजाजत सम्बन्धी कार्यविधि, २०८१ भन्ने सम्झनु पर्छ ।

ज. "सवारी" भन्नाले अटो, ईलेक्ट्रिक रिक्सा तथा टेम्पो सम्झनु पर्छ ।

झ. “सवारी धनी” भन्नाले प्रचलित कानून बमोजिम सवारी धनी अनुमति पत्र प्राप्त व्यक्ति तथा कम्पनी सम्झनु पर्दछ ।

ञ. “समिति” भन्नाले कार्यविधिको दफा २५ बमोजिम गठित रुट इजाजत तथा भाडादर निर्धारण समिति सम्झनु पर्दछ ।

ट. "सवारी विवरण" भन्नाले सवारीको ईन्जिन नम्वर, चेसिस नम्बर, सवारी निमार्ण कम्पनी, सिट संख्या, सवारीको रङ्ग र सवारीको धनी सम्झनु पर्छ ।

ठ. "सवारी चालक विवरण" भन्नाले सवारी चालकको नाम, थर, लिङ्ग वतन, तिन पुस्ते पहिचान, सवारी चालकको सम्पर्क नम्बर र सवारी चालक अनुमतिपत्रको विवरण खुल्ने कागजात वा विवरण सम्झनु पर्छ।

ड. "यातायात व्यवस्थापन समिति" भन्नाले यस कार्यविधिको दफा २५ बमोजिमको यातायात व्यवस्थापन समिति सम्झनु पर्छ।

ढ. "अधिकार प्राप्त अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीलाई सम्झनु पर्छ।

ण. “शहरी सडक” भन्नाले यस भानु नगरपालिकाबाट बनाइएको, विस्तार गरिएको तथा नगरपालिकालाई मर्मत संभार गर्न प्रदेश तथा संघबाट हस्तान्तरण भै आएका सडक सम्झनु पर्दछ ।

त. “रुट इजाजत पत्र” भन्नाले कार्यविधिको दफा १७ बमोजिमको इजाजत पत्र सम्झनु पर्दछ ।

थ. “भाडादर” भन्नाले समितिले तोकेको भाडादर सम्झनु पर्दछ ।

## परिच्छद-२
## दर्ता सम्बन्धी ब्यवस्था

**४. दर्ता वा सूचिकृत गर्नु पर्नेः**

१. नगरपालिकामा दर्ता वा सूचिकृत नगरी कुनैपनि अटो, ईलेक्ट्रिक रिक्सा तथा टेम्पो संचालन गर्न पाईने छैन ।

२. कम्पनी सूचीकृत हुनुपर्नेः १) नियमानुसार दर्ता भएको यातायात कम्पनीले आवश्यक कागजात पेश गरी कार्यालय समक्ष निवेदन दिनुपर्नेछ।

**पेश गर्नुपर्ने कागजातः**

१. कम्पनी दर्ता प्रमाणपत्र

२. कम्पनी प्रबन्धपत्र

३. विनियमावली

४. स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाणपत्र

५. कर चुक्ता प्रमाणपत्र

६. लेखा परीक्षण प्रमाणपत्र

५. **नविकरण गर्नु पर्नेः** दर्ता भएका सवारीहरु सवारी धनीले वार्षिक रुपमा नविकरण गरेको हुनु पर्नेछ ।

६. **निवेदन दिनु पर्नेः** दर्ता र दर्ता नविकरणका लागि सवारीको विबरण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

७. **दर्ता तथा दर्ता नविकरण दस्तुरः** यातायात सेवा संचालन अनुमति, व्यवसाय कर र रुट इजाजतपत्र र नबिकरण दस्तुर दफा ३१ बमोजिम हुनेछ ।

८. **जरिवाना र दर्ता खारेजीः** दर्ता प्रमाणपत्रमा लेखिएको म्याद नाघेको ६ महिनाभित्र दर्ताको प्रमाणपत्र नविकरण गराईसक्नु पर्नेछ । सो म्याद नाघी नविकरण गर्न आएमा नविकरण दस्तुरको अतिरिक्त एकवर्षसम्म एकसय प्रतिशत, दुई वर्षसम्म दुईसय प्रतिशत दस्तुर लिई प्रमाणपत्र नबिकरण गरिनेछ । यस अबधिसम्म नविकरण नहुने सवारी दर्ता प्रमाणपत्र स्वत खारेज हुनेछ । दर्ता प्रमाणपत्र खारेज हुने सवारीको लगतकट्टा गरिनेछ।

## परिच्छद ३

## सवारी कर

९. **सवारी कर बुझाउनु पर्नेः** दर्ता भएका सवारी साधनले वार्षिक रुपमा सवारी साधन कर वुझाउनु पर्नेछ ।

१०. **सवारी कर:** नगरपालिकामा बुझाउनु पर्ने सवारी साधन कर आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ । चालु आर्थिक ऐनमा व्यवस्था नभएको तर सोही प्रकारको कर ब्यवस्था गरी कार्य गर्नु पर्ने अवस्थामा अर्को आर्थिक ऐन जारी नहुँदा सम्म कार्यबिधीले तोके बमोजिमको हुनेछ।

## परिच्छद-४
## यातायात सेवा संचालन अनुमति

११. **अनुमति लिनु पर्नेः** नगरपालिका भित्र यातायात सेवा संचालनको लागि नगरपालिकावाट यातायात सेवा संचालन अनुमति पत्र लिनु पर्नेछ ।

१२. **अनुमतिको लागि कम्पनी हुनुपर्नेः** यातायात सेवा संचालन अनुमतिको लागि यातायात सेवा संचालनको उद्देश्य राखी स्थापना भएको कम्पनी हुनु पर्नेछ। कम्पनी ऐन वाहेक अरु ऐन वमोजिम दर्ता भएका समिति वा संस्थाहरुलाई यातायात सेवा संचालन गर्न अनुमति दिइने छैन ।

१३. **अनुमति र नविकरण गर्नेः** यातायात सेवा संचालन अनुमतिको लागि अनुसूची १ बमोजिम निवेदन आएमा आवश्यकताको विश्लेषण गरी अनुसूची - २ वमोजिम यातायात सेवा संचालन गर्न अनुमति प्रदान गरिने छ । यातायात सेवा संचालन अनुमति लिने कम्पनीले नगरपालिकामा नियमानुसार वार्षिक रुपमा व्यवसाय कर तिरेको हुनु पर्दछ । यातायात सेवा संचालन अनुमतिको अवधि पाँच वर्षको हुनेछ । सो अवधि समाप्त भएको ६ महिना भित्र त्यस प्रकारको अनुमति तोकिएको दस्तुर तिरी नविकरण गरेको हुनु पर्नेछ । सो म्याद नाघी नविकरणको लागि निवेदन प्राप्त भएमा अर्को एक वर्ष सम्म शतप्रतिशत थप दस्तुर लिई यातायात सेवा संचालन अनुमति पत्र नवीकरण गरिदिनु पर्नेछ । उक्त एक वर्षको म्याद समेत समाप्त भएमा त्यसपछिको छ महिना भित्र थप १५०% दस्तुर लिई अनुमति पत्र नवीकरण गरिदिनु पर्नेछ । सो म्याद समाप्त भएमा अनुमति पत्र स्वतः खारेज हुनेछ ।

## परिच्छद-५

## रुट ईजाजत

**१४. रुट निर्धारण गर्नेः**

नगरपालिकाले नगरपालिकाभित्र स्थानीय रुट ईजाजत लिई सवारी संचालनको लागि रुट निर्धारण गर्नेछ

१५. **निवेदन दिनु पर्नेः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११को उपदफा २ को ट अनुसार स्थानीय रुट लिन चाहने सवारी साधनहरुले रुट ईजाजतको लागि सवारीको विवरण खुलाई अनुसूची -१ बमोजिमको ढाँचामा नगरपालिकाको कार्यालयमा रीत पुर्वक निवेदन दिनु पर्नेछ ।

**१६. निवेदन साथ संलग्न गर्नुपर्ने कागजपत्रः**

सवारी साधन सञ्चालन गर्न चाहने सवारी धनीले अनुसूची ३ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिँदा निम्नानुसारका कागजात संलग्न गर्नुपर्ने छ ।

क) सवारी साधन धनी कम्पनीको कम्पनी दर्ता प्रमाणपत्र, कर दर्ता तथा कर चुक्ता र नवीकरणको प्रमाण पत्रहरु

ख) सवारी साधन दर्ता प्रमाण (बिल बुक)

ग) सवारी चालकको नियुक्ति (लाइसेन्स सहित)

घ) भानु नगरपालिकामा सूचीकृत भएको यातायात कम्पनी सँग आबद्ध भएको प्रमाण पत्र

ङ) तेस्रो पक्ष बिमा, यात्रु बिमा गरेको प्रमाण

च) सवारी साधन धनी व्यक्तिको नागरिकताको प्रमाणपत्र

**१७. रुट इजाजत पत्र दिन सकिनेः**

नियम अनुसार आवश्यक कागजात सहित पेश भएको निवेदन उपर छानबीन गरी समितिले यातायातको वर्तमान अवस्था, सवारी साधनको आवश्यकता, औचित्यता, सर्वसाधारणलाई पुग्ने सुविधा आदि विषयमा ध्यान दिई रुट इजाजत प्रदान गर्ने विषयमा निर्णय गर्नेछ । समितिको निर्णय बमोजिम कार्यालय प्रमुखले इजाजत पत्र उपलब्ध गराउनेछ ।

**१८. बाटो ईजाजतपत्र स्थगित गर्न सकिनेः**

(१) यस कार्यविधि बमोजिम रुट ईजाजतपत्र लिएको कुनै पनि सवारी सार्वजनिक दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्रीई चार महिना वा सो भन्दा बढी

अबधिसम्म चलाउन नसकिने भएमा सवारी धनीले व्यहोरा खुलाई बाटो ईजाजतपत्र संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष त्यस्तो बाटो ईजाजतपत्र स्थगित गर्नका लागि दरखास्त दिनु पर्नेछ।

(२) उपदफा १ बमोजिम दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचवुझ गरी उपयुक्त देखेमा त्यस्तो सार्वजनिक सवारी चलाउन नसकिने अवधिसम्मका लागि त्यस्तो सबारीको बाटो ईजाजतपत्र स्थगित गर्न सक्नेछ ।

(३) बाटो ईजाजतपत्रमा तोकेको बाटोमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकूल असर पर्ने गरी यातायात सेवा अवरुद्ध गरेमा त्यस्तो सवारीहरुको रुट ईजाजतपत्र बढीमा एक महिनासम्मको लागि स्थगित गर्न सक्नेछ ।

(४) उपदफा ३ बमोजिमको बाटो ईजाजतपत्र स्थगित अबधिको नवीकरण दस्तुर मिनाहा हुनेछ ।

१९. **बाटो ईजाजतपत्र रद्द गर्न सकिनेः** यस कार्यविधि बमोजिम रुट ईजाजतपत्र लिएको कुनै पनि सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रीए वा नासिएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकले सोको प्रमाण संलग्न राखी रुट ईजाजतपत्रको मान्यता रद्द गराउन अधिकार प्राप्त अधिकारी समक्ष रित पुर्वकको निवेदन दिनु पर्नेछ ।

२०. **बाटो ईजाजतपत्रको प्रतिलिपि दिनेः**

(१) रुट ईजाजतपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले सात दिनभित्र सवारी धनी वा व्यवस्थापकले बाटो ईजाजतपत्रको प्रतिलिपिको लागि तोकीएको ढाँचामा रु. ५०० समेत संलग्न राखी सम्बन्धीत अधिकारी समक्ष निवेदन दिनु पर्छ । रुट ईजाजत पत्र हराएको वा नासिएको अवस्थामा ट्राफिक प्रहरीवाट कारवाहीमा नभएको व्यहोराको पत्र लिई प्रतिलिपिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम परेको निवेदन उपर अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी व्यहोरा ठीक देखेमा दरखास्तवालालाई निवेदकलाई रुट ईजाजतको प्रतिलिपि दिनेछ ।

२१. **रुट ईजाजतको अभिलेख राख्नु पर्नेः** नगरपालिका कार्यालयले नगरपालिकावाट जारी रुट ईजाजतको प्रमाणित अभिलेखको व्यवस्थित विवरण अनुसूची-५ वमोजिमको ढाँचामा राख्नु पर्नेछ । यस्तो विवरणमा रुट ईजाजत नम्बर सवारी नम्बर सवारी धनीको नाम र सम्पर्क नम्बर रुट ईजाजत जारी मिति रुट ईजाजत बहाल रहने मिति नविकरणको लागि तिरेको करको विवरण र रकम खुलेको हुनु पर्ने छ ।

२२. **रुट ईजाजत नामसारीः** सवारी साधनको नामसारी भई अरु कसैको नाममा सवारी साधनको स्वामित्व भएमा सो को प्रमाण राखी रुट ईजाजत पत्रमा समेत नँया सवारी धनीको नाम कायम गर्न नगरपालिका कार्यालयमा निवेदन दिनु पर्नेछ । यस्तो अवस्थामा रुट ईजाजत जारी गर्दा लाग्ने वरावरको दस्तुर लिई रुट ईजाजत पत्रमा नँया सवारी धनीको नाम कायम गरिदिनु पर्नेछ ।

२३. **फाइल वनाई कागजपत्रहरु सुरक्षित राख्नु पर्नेः** सवारीको रुट ईजाजत जारी गर्दा सिर्जना हुने सबै कागजातको प्रत्येक सवारीको लागि एक फाइल वनाई कागजपत्रहरु सुरक्षित राख्नु पर्नेछ ।

२४. **रुट ईजाजत खारेज हुनेः** तपशिलका अवस्थामा रुट ईजाजत खारेज गरिनेछ

क. सवारी धनीले रुट ईजाजत खारेज गर्न निवेदन दिएमा

ख. सवारी गम्भिर दुर्घटनामा परी संचालन गर्न नसकिने भएमा सो को प्रमाण संग्लग्न गरीसवारीधनी वा प्रहरीवाट लेखी आएमा

ग. सार्वजनिक सवारीको आवागमनमा वाधा व्यवधान हुने गरी हड्ताल जन्य कार्यमा सवारीको प्रयोग भएमा ।

घ. तोकिएको भाडादर भन्दा वढी भाडा लिई कारवाहीमा परेमा

ङ. सवारी धनी वा सवारी चालकले सवारीको प्रयोग गरी गैर कानूनी कार्य गरी सवारीको दुरुपयोग गरेको व्यहोरा प्रहरीवाट लेखी आएमा ।

च. सवारी धनी तथा सवारीचालकले यस कार्यविधि विपरीत कार्य गरेमा ।

## परिच्छद -६

## यातायात ब्यवस्थापन

२५.	**यातायात व्यवस्थापन समितिः**

नगरपालिका क्षेत्रभित्र यातायात सुबिधाको पर्याप्तता, आबश्यक्ता, जनसंख्याको आकार भौगोलिक अवस्था अनुसार यातायातको समान पहुँच, स्थानीय अवस्था र यातायात सवारी साधनको चापको अवस्था विश्लेषण गरी सुझाव दिन एवं रुट इजाजत तथा भाडादर निर्धारण सम्बन्धि सिफारिस गर्न तपशिल बमोजिमको यातायात व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| १. नगर प्रमुख | - संयोजक |
| २. नगरउप-प्रमुख | -सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ४. भौतिक पुर्वाधार समितिको संयोजक | -सदस्य |
| ५. आर्थिक विकास समितिको संयोजक | - सदस्य |
| ६. इलाका प्रहरी कार्यालय प्रमुख | -सदस्य |
| ७. ट्राफिक प्रहरी कार्यालको प्रतिनिधि | -सदस्य |
| ८. प्रशासन शाखाको प्रमुख | -सदस्य |
| ९. इजाजत प्राप्त व्यावसायी मध्ये समितिले मनोनित गरेको प्रतिनिधि | -सदस्य |
| १०. भौतिक पूर्वाधार शाखा प्रमुख | -सदस्य |
| ११. नगर प्रहरीको प्रमुख | -सदस्य |
| १२. सम्बन्धित उपशाखाको प्रमुख | -सदस्य सचिब |

२६.	**यातायात व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

यातायात व्यवस्था समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

क) प्रचलित ऐन कानून बमोजिमका मापदण्ड पूरा गरी आएका सवारी साधन सञ्चालन अनुमति माग निवेदनलाई दफा १४ बमोजिम रुट निर्धारण गर्ने र दफा १७ बमोजिम रुट इजाजत दिने सम्बन्धमा निर्णय गर्ने ।

ख) प्रचलित ऐन, कानून प्रतिकूल नहुने गरी स्थानीय कच्ची तथा पक्की सडक र दुरीको आधारमा भाडादर निधारण गर्ने ।

ग) नगर कार्यपालिकाले तोकिदिएका अन्य कार्य गर्ने ।

२७. सवारी धनीले समितिबाट स्वीकृत भाडादर सवारी साधनमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

२८. रुट इजाजत तथा भाडादर निर्धारण समितिबाट निर्णय भई अनुमति प्राप्त सवारी साधनको सम्पूर्ण कागजात सहितको अभिलेख सम्बन्धित शाखाले व्यवस्थापन गर्नेछ ।

२९. दफा २८ बमोजिम प्राप्त भए पछि प्रमुख प्रशासकीय अधिकृतबाट अनुसूची ४ बमोजिम सवारी रुट इजाजत पत्र उपलब्ध गराइनेछ ।

३०. सवारी धनीले पालना गर्नुपर्ने कुराहरु

सवारी धनीले इजाजत प्राप्त गर्नु अघि र इजाजत प्राप्त गरिसकेपछि निम्न काम कर्तव्यहरु पुरा गर्नु पर्नेछ ।

१. निवेदन साथ तोकिए बमोजिमका कागजात पेश गर्नुपर्नेछ ।
२. तोकिएको भाडादर मात्र लिनु पर्नेछ । भाडादर यात्रुले देख्ने गरी सवारी साधनमा राख्नु पर्नेछ ।
३. सवारी चालक तथा सहचालकलाई यात्रुहरु सँग सरल र नम्र व्यवहार गर्नुपर्ने र गर्न लगाउनु पर्नेछ ।
४. तोकिएको रुटमा मात्र सवारी चलाउनु पर्नेछ ।
५. नगरपालिकाबाट तोकिएको दर्ता तथा नवीकरण दस्तुर समयमा नै बुझाउनु पर्नेछ ।
६. सवारी चालक, यात्रु तथा तेस्रो पक्ष बीमा गराउनु पर्नेछ ।
७. इजाजत पत्रमा तोकिएको संख्यामा मात्र यात्रु राख्नु पर्नेछ ।
८. सवारी साधनबाट उत्पादन हुने फोहोर वस्तुहरु सार्वजनिक स्थानमा फाल्न पाइने छैन ।
९. सवारी साधन सञ्चालन गर्दा चालकको सवारी चालक अनुमतिपत्र अनिवार्य हुनुपर्नेछ ।

**३१. यातायात सेवा संचालन अनुमतिपत्र, रुट इजाजत तथा नवीकरण दस्तुर**

क) यातायात सेवा संचालन अनुमति दर्ता, वार्षिक व्यवसाय कर, वार्षिक सवारी रुट इजाजत दस्तुर प्रति सवारी साधन देहाय बमोजिम हुनेछ । हरेक आर्थिक वर्षमा नवीकरण गर्नु पर्नेछ । । नवीकरण प्रत्येक आ.व. को आषाढ मसान्तभित्र गर्नु पर्नेछ ।

**यातायात सेवा संचालन अनुमतिपत्र दस्तुरः**

**रु. ३०,०००**( अक्षरुपी तिस हजार रुपैया)

**यातायात सेवा संचालन अनुमतिको वार्षिक व्यवसाय करः**

**रु. १०,०००**( अक्षरुपी दश हजार रुपैया)

**रुट इजाजत दस्तुरः**

**नयाँ दर्ताः**

१. रिक्सा/ई–रिक्साः रु. १०००/- ( अक्षरुपी एक हजार रुपैया )
२. अटो रिक्साः रु ३०००/- ( अक्षरुपी तिन हजार रुपैया )
३. टेम्पोः रु ५०००/-( अक्षरुपी पाँच हजार रुपैया )

**नविकरणः**

१. रिक्सा/ई–रिक्साः रु. ५००/- ( अक्षरुपी पाँच सय रुपैया )
२. अटो रिक्साः रु २०००/- ( अक्षरुपी दुई हजार रुपैया )
३. टेम्पोः रु ३०००/-( अक्षरुपी तीन हजार रुपैया )

३२. **दण्ड सजायः**

१. कुनै सवारी साधनले कार्यविधि उल्लंघन गरेमा कार्यालय प्रमुखले पहिलो पटक रु.१०००/-(अक्षरुपी एक हजार रुपैया ), दोश्रो पटक रु.२०००/-( अक्षरुपी दुइ हजार रुपैया ) र तश्रो पटक रु.५०००/-( अक्षरुपी पाँच हजार रुपैया ) जरिवाना गर्नेछ ।
२. यस कार्यविधि बमोजिम रुट अनुमति नलिई सवारी साधन सञ्चालन गरेमा कार्यालय प्रमुखले रु.१०,०००/-( अक्षरुपी दश हजार रुपैया) सम्म जरिबाना गर्न सक्नेछ । प्रचलित कानूनमा अन्य सजायको व्यवस्था भएमा सो समेत हुनेछ ।
३. समितिले तीन पटक भन्दा बढी कार्यविधि उल्लंघन गर्ने सवारी साधनको रुट इजाजत खारेज गर्नेछ ।

३३. सेवाग्राहीबाट तोकिए बमोजिमको भाडादर भन्दा बढी लिएमा सेवाग्राहीले कार्यालय प्रमुख समक्ष उजुरी गर्न सक्नेछ । उजुरी पश्चात अवश्यक छानविन गर्दा बढी भाडा लिएको ठहर भएमा कार्यालय प्रमुखले दफा ३२ को उपदफा (१) बमोजिम जरिवाना गर्नेछ ।

३४. **सिण्डिकेट वा बार्गेनिङ गरी सवारी संचालन गर्न नपाउनेः** नगरपालिकाभित्र संचालित कुनै पनि सवारी साधनको संचालन चालक, सवारी धनी वा सवारी साधनको स्वामित्व रहेको कम्पनीले सिण्डिकेट वा बार्गेनिङ गरी सवारी संचालन गर्न पाउने छैन ।

३५. **ट्राफिक नियमको पालन गर्नु पर्नेः** नगरपालिकाभित्र संचालित हुने सवारी साधनहरुले ट्राफिक नियमको पालन गर्नु पर्ने छ । ट्राफिक नियमको पालना नगरेमा सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावली अनुसारको जरिवाना गरिनेछ । यस प्रकारको जरिवाना ट्राफिक प्रहरी वा सम्बन्धीत यातायात व्यवस्था कार्यालयबाट हुनेछ । तर नगरपालिकामा दर्ता भएका सवारी साधनको हकमा प्रहरी वा यातायात व्यवस्था कार्यालयबाट हुने जरिवाना नगरपालिकाबाट हुने छ ।

३६. **अनुगमन गर्नेः** नगरपालिकाबाट रुट लिएर संचालित सवारी साधन नियमानुसार संचालन भए वा नभएको विषयमा नगरपालिकाले समय समयमा अनुगमन गर्नेछ ।

३७. **कारवाही हुनेः** नियमानुसार संचालन गरेको नदेखिएमा यसै कार्यविधि अनुसार वा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।

३८. **भाडा सम्बन्धी व्यवस्थाः** भाडादर यातायात व्यवस्थापन समितिले समय समयमा निर्णय गरी तोके बमोजिम हुनेछ ।

३९. **वढी यात्रु वा समान नराखेः** सवारीले सवारी दर्ता प्रमाणपत्रमा उल्लेख गरेको भन्दा वढी यात्रु वा समान राखी सवारी संचालन गर्न पाइने छैन

४०. **आचरण वाहिर गएर कुनै व्यवहार गर्न नपाइनेः** सवारी चालकले सवारी चालकको आचरण वाहिर गएर कुनै व्यवहार गर्न पाइने छैन ।

४१. **सवारीको अधिकतम गतिः** नगरपालिकावाट रुट ईजाजत लिएर संचालित सवारीको अधिकतम गति २० कि.मि. प्रतिघण्टा हुनेछ ।

## परिच्छेद -७

## विविध

४२. **बचाउः** भानु नगरपालिकाको अटो, रिक्सा/ईलेक्ट्रिक रिक्सा तथा टेम्पो सञ्चालन तथा नियमन सम्बन्धी यस अघि भए गरिएका निर्णय तथा कार्यहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

## अनुसूची १

मितिः ....................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भानु नगरकार्यपालिकाको कार्यालय, फुस्रेटार, तनहुँ

**विषयः यातायात सेवा संचालन अनुमति पाउँ ।**

उपरोक्त विषयमा देहाय बमोजिम विवरण भएको मेरो/हाम्रो नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको........................................... यातायात कम्पनीलाई दर्ता/सूचिकृत गरी सेवा संचालन अनुमति पाउन दरखास्त बापत रु ५०० को रसिद संलग्न राखी निवेदन गरेको छु/छौं ।

(१) कम्पनीको नामः

(२) ठेगानाः

(३) सेवा संचालनको स्थानः

(४) सेवा संचालनको किसिमः

(५) सेवा संचालक कम्पनीको मुख्य व्यक्ति ठेगाना र सम्पर्क नम्बरः

**संलग्न कागजातहरुः**

१. कम्पनी दर्ता प्रमाणपत्र
२. कम्पनी प्रबन्धपत्र
३. विनियमावली
४. स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाणपत्र
५. कर चुक्ता प्रमाणपत्र
६. लेखा परीक्षण प्रमाणपत्र

प्रचलित ऐन कानूनमा व्यवस्था भएका र कार्यविधिमा भएका सम्पूर्ण प्रावधानहरु पालना गरी सवारी व्यावसाय सञ्चालन गर्नेछु । यसमा लेखिएको व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरेमा ऐन कानून बमोजिम सहुँला बुझाउँला ।

आवेदकको नामः
दस्तखतः
फोन नः

## अनुसूची-२

(कार्यविधिको दफा १५ सँग सम्बन्धित)

## यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्र

भानु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, फुस्रेटार, तनहुँ।

## यातायत सेवा संचालन अनुमति पत्र

भानु नगरपालिकाको अटो, रिक्सा/ईलेक्ट्रिक रिक्सा तथा टेम्पो रुट ईजाजत व्यवस्थापन कार्यविधि, २०८१ को दफा १३ अनुसार तपिशलको विवरण भएको कम्पनीलाई तपशिलको शर्तमा रहने गरी भानु नगरपालिकामा यातायात सेवा संचालन गर्न यो अनुमति पत्र प्रदान गरिएको छ ।

(१) कम्पनीको नाम

(२) ठेगाना

(३) सेवा संचालनको स्थान

(४) सेवा संचालनको किसिम

(५) सेवा संचालक कम्पनीको मुख्य व्यक्ति ठेगाना र सम्पर्क नम्बर

| | |
|---|---|
| ...................................... | ........................... |
| प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |

## अनुसूची ३

मितिः ....................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भानु नगरकार्यपालिकाको कार्यालय, फुस्रेटार, तनहुँ

### विषयः सवारी रुट अनुमति पाउँ ।

उपरोक्त विषयमा देहाय बमोजिम विवरण भएको मेरो/हाम्रो नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको र यस नगरपालिकामा सूचीकृत ............................................ यातायात कम्पनीमा आवद्ध रहेको रिक्सा/इ रिक्सा/अटो रिक्सा/टेम्पो निम्न रुटमा सञ्चालन गर्न अनुमति पाउन दरखास्त बापत रु ५०० को रसिद संलग्न राखी निवेदन गरेको छु/छौं ।

**<u>सवारी साधनको</u>**

सवारी साधनको किसिमः
सवारी दर्ता नं. र दिने कार्यलयः
चेसिस नं.
इन्जिन नं.
मोडलः
बनेको सालः
यात्रु सिट संख्याः

**<u>सवारी धनी/कम्पनीको</u>**

नामः
ठेगानाः
सम्पर्कः
कम्पनी भए दर्ता विवरणः

**<u>सञ्चालन गर्न माग गरेको रुटः</u>**

**<u>संलग्न कागजातहरुः</u>**

सवारी धनी दर्ता प्रमाणपत्रः
नेपाली नागरिकताको प्रमाण पत्रः
सवारी साधन सम्बन्धी कम्पनिमा दर्ता भएको प्रमाण पत्रः

प्रचलित ऐन कानूनमा व्यवस्था भएका र कार्यविधिमा भएका सम्पूर्ण प्रावधानहरु पालना गरी सवारी व्यावसाय सञ्चालन गर्नेछु । यसमा लेखिएको व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरेमा ऐन कानून बमोजिम सहुँला बुझाउँला ।

आवेदकको नामः
दस्तखतः
फोन नः

**अनुसूची ४**
**भानु नगरपालिका नगरकार्यपालिकाको कार्यालय,**
**भानु, तनहुँ**

इजाजत पत्र नं.

श्री ..........................

तपाईको नाममा दर्ता स्रेस्ता भएको देहायको विवरण भएको सवारी साधनलाई देहायको रुटमा सवारी साधन सञ्चालन गर्न रुट इजाजत दिइएको छ । प्रचलिन ऐन कानूनको अधीनमा रही सवारी सञ्चालन गर्नु हुन अनुरोध छ ।

**सवारी साधनको विवरण**

सवारी साधनको किसिमः

सवारी दर्ता नं. र दिने कार्यलयः

चेसिस नं.

इन्जिन नं.

मोडलः

बनेको सालः

यात्रु सिट संख्याः

**सवारी धनीको विवरण**

नामथरः

ठेगानाः सम्पर्कः

**आवद्ध कम्पनीको विवरण**

नामः

ढेगानाः

दर्ता नं.

दर्ता मितिः

दर्ता भएको कार्यालयः

सञ्चालन गर्न अनुमति दिएको रुटः

सञ्चालन गर्न अनुमति दिएको अवधिः

**रुट इजाजत पत्र प्रदान गर्ने पदाधिकारीको**

दस्तखतः

नामः

पदः

# सवारी रुट इजाजतपत्र नवीकरण विवरण

इजाजत पत्र नं. सवारी दर्ता नं.

| मिति | रसिद नं. | नवीकरण दस्तुर | नवीकरण अवधि | नवीकरण गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसुची-५

## स्थानीय रुट ईजाजत पत्रको कार्यालय अभिलेख

भानु नगरपालिका

स्थानीय रुट इजाजत पत्रको कार्यालय अभिलेख

१. रुट ईजाजत नम्बरः

२. सवारी नम्बरः

३. सवारीको विवरणः

क. ईन्जिन नम्बरः

ख. चेसिस नम्बरः

ग. सिट संख्याः

ईजाजत जारी गर्ने अधिकरीको

नामथरः

दस्तखतः

मितिः

रुट ईजाजत नविकरणको विवरणः

| क.सं. | नविकरणको मिति | नविकरण बहाल रहने मिति | राजश्व भौचर मिति | प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |